# गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रको लागि अवलम्वन गर्नुपर्ने प्रक्रिया र आवश्यक कागजातहरु

१.जुन जिल्लाबाट साविकको नागरिकताको प्रमाणपत्र जारी भएको हो सोही जिल्लामा गई गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्रको लागि आवेदन दिनुपर्ने ।

२.नागरिकता परित्यागको निस्सा पश्चात गैरआवासीय नेपाली नागरिकता आवेदनको लागि देहायका कागजात सहित कार्यालयको नागरिकता शाखा(कोठा नं. १०१) मा सम्पर्क गर्ने:-

क)अनुसूची ८ ग. बमोजिम सम्वन्धित वडाको सिफारिस सहितको निवेदन,

ख)अनुसूची ८ घ. बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची ८ च. बमोजिमको सपथ,

ग) साविकको नेपाली नागरिकता र राहदानी परित्याग गरेको प्रमाण,

घ) विदेशी मुलुकको नागरिकता/नागरिक भएको प्रमाण,

ङ) सार्क सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको प्रमाण,

च) हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपि,

छ)निवेदकको नजिकको नाताभित्रको नातेदार नेपाली नागरिकता सहित सनाखतको लागि उपस्थित हुनुपर्नेछ। यदि नजिकको नातेदार नभएमा थप बुझी निजलाई चिन्ने नेपाली नागरिकबाट सनाखत गराउन सकिनेछ।

ज) जिल्ला प्रशासन कार्यालयले प्रहरीको स्थलगत सर्जमिन मुचुल्का लगायत अन्य माध्यमबाट थप बुझ्न सक्नेछ।

झ) अनुसूचीहरुका लागि कोठा नं. ११२ मा सम्पर्क गर्न सकिनेछ।

३.माथि बुँदा नं. २(ग) का सम्बन्धमा यदि नेपाली नागरिकता परित्याग नगरेको भए सक्कलै नेपाली नागरिकता प्रमाणपत्र र राहदानी सहित प्रतिलिपि शाखा (कोठा नं. १०५) मा नागरिकता परित्यागको प्रक्रियाका लागि सम्पर्क गर्नुपर्ने।

सहायक प्र.जि.अ